Northern Territory Emergency Service

# Emergency Kit – Nepali
# आपतकालीन किट

## घरेलु आपतकालीन किट

यस नर्थन टेरेटोरीमा तपाईं जहाँ बसे पनि एक आपतकालीन किट हरेक घरको लागि अत्यन्त आवश्यक छ। तपाईंको स्थानको आधारमा, तपाईंले आपतकाल वा प्रकोप पार नभएसम्म आफ्नै स्रोतसाधनहरूमा भर पर्नुपर्ने हुनसक्छ। तपाईंले याद राख्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा तपाईंको किटले तपाईंको घरपरिवारलाई **७२ घण्टा वा बढी** सम्मको लागि टिकाउन सक्षम छ भनी सुनिश्चित गर्नु हो ।

## तपाईंको आपतकालीन किटमा निम्न सामाग्रीहरू समावेश हुनुपर्छ:

- ☐ तपाईंको घरपरिवार योजनाको प्रतिलिपि
- ☐ अतिरिक्त ब्याट्रीहरुसहित ब्याट्रीबाट संचालित रेडियो
- ☐ अतिरिक्त ब्याट्रीसहितको टर्च
- ☐ मैनबत्ती र वाटरप्रूफ सलाई
- ☐ प्राथमिक उपचारको सामान
- ☐ कम्बल
- ☐ टोईलेट पेपर
- ☐ सनस्क्रिन र लामखुट्टे विकर्षक
- ☐ नबिग्रने खानेकुराहरू (सुक्खा र डिब्बामा - डिब्बा (क्यान) लाई लेबल गर्नुहोस् र क्यान ओपनरलाई नबिर्सनुहोस्!)
- ☐ बलियो र सिल गर्न मिल्ने प्लास्टिकको झोला (कपडा, बहुमूल्य वस्तु, कागजात र फोटोहरुका लागि)
- ☐ प्रति व्यक्ति १० लिटर बोतल पानी
- ☐ बोक्न सकिने कुकर र जगेडा ग्यास क्यानिस्टरहरू
- ☐ कप, कचौरा र काँटाचम्चा
- ☐ क्यान ओपनर
- ☐ तास/खेलहरू
- ☐ मास्क र हाते सेनिटाइजर

## तपाईंले निम्न सामाग्रीहरू पनि समावेश गर्न आवश्यक हुनेछ:

- ☐ एउटा मोबाइल फोन, जगेडा ब्याट्री र चार्जर
- ☐ घरपालुवा जनावरको लागि सामाग्री
- ☐ अत्यावश्यक सरसफाइका सामग्री
- ☐ कार र घरका जगेडा साँचोहरू
- ☐ महत्त्वपूर्ण कागजातहरू (जन्म र विवाह प्रमाणपत्र, चालक अनुमतिपत्र, राहदानी, बीमा र फोटोहरू)
- ☐ पैसा, फोन गर्नको लागि खुद्रा पैसा सहित
- ☐ शिशुहरूका लागि  (खाना, फर्मुला, न्याप्पी, खेलौना), वृद्ध र अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष आवश्यकताहरू

## किटको लागि सुझावहरू

- ☐ तपाईंको किट तपाईंको घरको सुख्खा क्षेत्रमा बिजुलीबिना पनि सजिलै पहुँच गर्न सकिने ठाउँमा भण्डार गर्नुहोस्
- ☐ किट कहाँ भण्डारण गरिएको छ भनेर तपाईंको घरका प्रत्येक सदस्यलाई थाहा भएको सुनिश्चित गर्नुहोस्
- ☐ तपाईंको किटका सामग्रीहरू अझै काम गर्छन् र उपभोग्य वस्तुहरू तिनीहरूको प्रयोगको म्याद सकेको छैनन् भनी  निश्चित गर्न वर्षमा कम्तिमा एक पटक तपाईंको किटको जाँच गर्नुहोस्
- ☐ ब्याट्रीको म्याद सकिने मिति हुन्छ, पानी बासी हुन्छ र नाश नहुने चीजहरु निश्चित समय अवधिमा नष्ट हुन्छ
- ☐ घरका प्रत्येक सदस्यका लागि फेर्ने लुगा (हावा नलाग्ने र वाटरप्रूफ, टोपी, छालाको पन्जा, कडा सुरक्षात्मक बन्द जुत्ता)

थप जानकारीको लागि कृपया www.securent.nt.gov.au हेर्नुहोस् ।